**CELEBRATING INTERNATIONAL WOMENS' DAY 2023**
**"DigitALL: Innovation and technology for gender equality"**
**परिवर्तनका आवाज (Transformative Voice)**
**Date/Time:** Friday, 10 March, 3:00-6:00 PM
**Venue:** Bhandarkhal, Patan Museum

1. **"Woman in Village" -Kaushila Jimi, Koshi Province**
   **"गाँउमा नारी" कौशिला जिमी, कोशी प्रदेश**

2. **I am a Daughter- Tika Prasad Paudel, Madhesh Province**
   **छोरी हुँ नी, टिका प्रसाद पौडेल, मधेश प्रदेश**

3. **Gender Equality-** ***Shrijana Lamichhane, Bagmati Province***
   **लैङ्गिक समानता, बाग्मती प्रदेश**

4. **Gender Equality and Technology - Pragati Sharma, Gandaki Province**
   **लैङ्गिक समानता र प्रविधि, गण्डकी प्रदेश**

5. My Identity and Internet- ***Prashamsha Bhattarai***, ***Lumbini Province***
   **मेरो परिचय र इन्टरनेट- प्रशंसा भट्टराई, लुम्बिनी प्रदेश**

6. **Glory of Women Gender,** Prerena Chaulagain, Karnali Province
   **लैङ्गिक नारीको महिमा , प्रेरणा चौलागाँइ, कर्णाली प्रदेश**

7. **Woman of Today-** Nitika Awasthi, Sudurpashchhim Province
   **आजकी नारी,** निकिता अवस्थी, सुदूरपश्चिम प्रदेश

**“गाँउमा नारी”**

- **कौशिला जिमी, कोशी प्रदेश**

म,
म को हुँ? प्रश्न गर्छु, फेरी सम्झन्छु
सुदुर टाढा धुपि सल्लहरुसँग वह पोख्दै
उकाली ओरली खोलानाला सँग बात मार्दै
निरन्तर अगाडि बढी रहने, संघर्षशिल नारी हुँ,
एता शहरमा प्रविधी सम्पन्न विद्यालय र
विश्व विद्यालय
मोबाईल ईन्टरनेट, पत्रपत्रीका सिनेमा हलहरु
छन्
यता गाँउमा, बग्दै गरेको नदी हुन
उडदै गरेका चरा छन
फुल्दै गरेका फुल छन
उताको संसार साघुरो छ, संसार ईन्टरनेटमा छ।
उता जे सिकिन्छ ईन्टरनेट बाटै सिकिन्छ
यता म बगेको नदी हेरेर
जिन्दगीमा कहिलै हरेस खानु हुँदैन भन्ने
सिक्छु
म उडेको चरा हेरेर
नारी स्वन्त्रताका बारेमा सोच्छु
म फुलेको फुल हेरेर
सारालाई हसाउनु पर्छ र हास्नु पर्छ भन्ने
सिक्छु
म सुन्दर गाँउमा आफ्नै जिन्दगी पढेर निरन्तर
अघी बढी रहने संघर्षसिल नारी हुँ।
यता म गाँउमै प्रकृतिलाई पढेर
प्राकृतिक जीवन बाचिरहेको छु
म सम्झन्छु मेरो गाँउमा पनि,
ईन्टरनेट सुविधा भएको भए
गाँउमै बसेर संसार हेर्ने थिए
नाइल नदी कसरी बग्छ?
संसारमा कस्ता कस्ता चरा छन
संसारमा कती थरी फुल फुल्छन
हेर्ने रहर थियो मलाई
म सुदुर गाँउमा आफ्नै सपनामा रुमली रहने
संघर्षशिल नारी हुँ।
म आशा गर्छु, मेरो गाँउमा पनि
जसरी खुले साना साना विद्यालयहरु
जसरी धुलो उडाउँदै आयो कच्ची सडक
विस्तार हुँदैछन बिजुलीका खम्बाहरु
त्यसरी नै आउने छ ईन्टरनेट पनि
अनी
चिहाउने छु संसार भरिका नारी संघर्षहरु
फेरी अघी बड्नेछु र भन्नेछु
म एक नारी हुँ मलाई कम्जोर न सम्झ
सारा कस्ट सहन सक्ने जननी हुँ मलाई
कम्जोर नसम्झ
म सुदुर गाँउमा हरेक अप्ठ्याराहरु सँग लडी
संघर्षसिल नारी हुँ
मलाई कम्जोर नसम्झ।

**“Woman in Village”**

**-Kaushila Jimi, Koshi Province**

I,
Who am I? I ask. Then I remember,
I am a woman struggling continuously, who
Is moving ahead sharing my woes with the pine trees growing up there far-away,
Is chatting with all the highs and lows of the hill and rivers and brooks
There in the city, there are schools and universities well equipped in technology
There is mobile, internet, newspapers and cinema halls
Here in the village, there are flowing rivers
There are birds flying
There are flowers blooming
The world that side is narrow, the world is in internet
Whatever is learnt there, it is learnt through the internet
While, I at this side, learn from watching the flowing river
That one should not be disheartened in life ever
I look at the birds flying
And think of freedom for women
I look at the blooming flowers
And learn that I should smile and make the world smile
I, in a beautiful village, continuously study my own life
And move ahead ready to struggle, I am such woman
Here in the village itself I study nature
And am living a natural life
I ponder if my village also had
Internet, I would have looked at the world
- How does the Nile river flow?
- how many birds are there in the world?
- how may flowers bloom in the world?
I had a wish to see them all
I am a woman who is tangled in her dreams living in a village far-away
and is struggling
I would like to hope that internet will
Come to my village
Just the way
small schools opened
gravel road came spreading dust
electricity poles are being spread
and then
I will be peeking at women’s struggles in the world
I will again move ahead and say,
I am a woman don’t think I am weak
I am a mother who tolerates it all, don’t think I am weak
I am that struggling woman who fights against all hardships in a village far-away
Do not think I am weak

## छोरी हुँ नी

**टिका प्रसाद पौडेल**
**श्री जनता मावि, बर्दिबास, महोत्तरी, मधेश प्रदेश**

धेरैबेरको रुवाइपछि एउटा सानो आवाज आयो
च्याहाँ च्याहाँ
त्यो आवाज भन्दापनि अर्को ठूलो आवाज आयो
छ्या
जन्मेपछि छैठीको दिनमा थाहा छैन के भावीले लेखे
मेरो जन्मको हर्षभन्दा पनि
बाबाको नाक खुम्चिएको देखेँ ।
कारण बुझ्न खोजेँ किन ?
बाबाको मुहार अँध्यारो जस्तो मनै छुनी
बिस्तारै बुझेँ,
म त छोरी हुँ नी ।

घरमा सन्तानको जन्ममा पनि
बुबाको मुख अँध्यारो
बुबालाई के भो ?
बुबाले टाउकोमा हात राख्दै
भन्नुभयो,
कस्तो कर्म मेरो फेरी छोरी नै भयो ।

दाइको जन्ममा घरमा
काट्या थियो रे खसी अब त्यो नढल्ने भो
सुत्केरीलाई मिठो खुवाउन
त्यो घरमा अब चुल्हो नबलने भो ।
समयसँगै घरबाट
छोरा र छोरीबीचको अन्तर सुरु भयो
देख्न लागेको केही आफ्नो
सपनाहरु पनि मेरो आँखामै रह्यो ।

ठूला थिएनन् मेरा सपनाहरु
बुबाको काँधमा चढ्ने अनि बुबा मेरो लागि
घोडा बनून्
दाइको जस्तै
मलाई पनि घरको एउटा सान भनून्

घर मात्र होइन समाजले पनि
मेरा इच्छाहरु लुट्थे
कतै भट्कीन्छन् की भनेर
म आफ्ना पाइलाहरु कुर्थें

सपनामै उड्न खोज्थे मेरा
सपनाहरु तर म बाँधेर सुत्थेँ नी
किनकी
अब त मलाई पनि थाहा भयो
म त छोरी हुँ नी ।
हुन त मेरो सपनाको पनि ठूलो बस्ती छ
तर
आवश्यकताको गल्लीहरुबाट हिँड्न डराउँछु
त्यही गल्लीबाट हिँड्ने बेला केही गिद्धको
नजर पर्छन् की
त्यही कुरामा हराउँछु ।

कति ख्याल राख्छ यो समाजले मेरो
भन्छ,
शरीर ढाकेर हिँड्
कतै उड्न खोज्लान् ती पाउ
बाँधेर हिँड्
सँस्कार नामको चिज रचेर हिँड्

सुन
मेरो छोरा पनि जवान भएको छ
उसँग पनि तिमी बचेर हिँड
भन्छ
तिमीले छोटो कपडा लगाउनु हुन्न
कति छिटो हिँडेको
त्यसरी पाउ बजाउन हुन्न
पढेर देश बनाउने सपना देख्न सकौली
त्यस्तो अनावश्यक सपना सजाउनु हुन्न,
साथीभाइहरु आफ्नै हुन्
छुन खोज्लान् तिमीलाई एकान्तमा
तर तिमी अकमकाएर लजाउनु हुन्न ।

भन्छन्,
छोराकै सम्पति हो तिम्रो शरीर
आजै सुम्पिलिए भैगो नी
आवाज उठाउन खोजौली कतै

याद गर तिमी छोरी हौ नी ।
हो म छोरी हुँ तर
छोराले गर्न नसक्ने काम पनि गरेकी छु
तिमी जुन मर्द भनेर घमण्ड गर्छौ
त्यही मर्द जन्माउन जिउँदै मरेकी छु
छोराले सम्पतीको लोभमा तिमीलाई लत्याउँदा
बुहारी भएर तिम्रो खटन सहेकी छु

तिमीले राक्षस जस्तो मेरो चोक्टा लुछ्दा पनि
म धर्तिजस्तै भई सबै खपेकी छु
एउटा कुरा छ सुन त
म लक्ष्मी भएर तिम्रो
संसार उज्यालो बनाउन सक्छु भने
काली भएर तिम्रो घर
उजाड्न पनि सक्छु नी
यस्ता कुरामा अहङ्कार गर्नु तिम्रो स्वभाव हो
।
म मा त्यो अहङ्कार छैन
किन थाहा छ ?
म त छोरी हुँ नी ।

## I am a Daughter

**Name: Tika Prasad Paudel**
**Class: 12**
**Janta Madhyamik Bidhyalaya, Bardibas, Madhesh Province**

A soft sound got heard after weeping for a long time
Chyaa Chyaa[1]
A voice louder than that sound got heard
Chhyaa[2]

I don’t know what fate
wrote on Chhaiti[3]
I saw my father skew his nose
than be happy on my birth
I tried to nderstand why
My father’s face heart wrenchingly got darkened
I understood slowly
I am a daughter.
A child got born at home
Yet, father’s face gets darkened, what has happened to the father?
Father holds his head
And said,
Such a fate, I again got a daughter.

At the birth of elder brother,
A goat had been slaughtered, now, there will be no slaughtering
This house will not light its hearth to
Feed delicacies to the mother who has just given the birth
Along with time
Son and daughter began to be differentiated at home
Dreams that I had began to dream
Just remained in my eyes only
My dreams were not that big
I wanted to ride on my father’s shoulder and let father become horse for me
Just the way elder brother get called
Let him also call me one ‘pride of my home’.

It was not only home but society
also snatched my wishes
I would wait for my feet
Over fear of being misled.
My dreams tried to fly in dream alone
But I used to tie them and sleep
Because
Now I had also come to know that
I am a daughter
Though my dream too has a big settlement
But I am scared to walk on the alleys of my necessity
And while walking by those alleys
I am scared fearing
I might get spotted
By some of the vultures

Society looks after me so much
Says
Cover your body and walk
Bind your feet
They may want to take a flight
Create culture and walk accordingly
Listen,
My son has also grown old
Be wary of him too as you walk
Says,
You cannot wear short clothes
How quick you walk
Your feet should not make large sounds
Will you be able to develop the country after your studies?
You should not harbor such unnecessary dream
Friends are yours only
They might want to touch you when alone
But you should not hesitate or be shy.

Says,
Your body is son’s property
Why not give in now only
You may want to raise your voice somewhere
But remember you are a daughter.

Yes I am a daughter but
I have done works that even the son could not do
The way you are arrogant saying you are that man
I have died to birth that same man

---

[1] Sound of a baby crying in Nepali wailing
[2] Similar to saying Oh No when you dislike something
[3] The day Nepali society believes that fate comes and writes the baby’s destiny in invisible ink

When your son cast you aside over the greed
for property
I became the daughter-in-law
And tolerated your scrutiny
Even when you became a demon and fed on
my flesh
I became the earth and tolerated it all
If I being Laxmi
can brighten your world
I can be Kaali also
To destroy your house
To be arrogant in such things
can be your habit
I do not have such arrogance
Do you know why?
Because I am a daughter.

# लैङ्गिक समानता

**सृजना लामिछाने, कक्षा १०**
**श्री महाकाली मावि फिक्कल सिन्धुली,**
**बाग्मती प्रदेश**

मानिसले मानिसलाई कुविचारले बिगार्ने हो ।
सत्कर्म र सुविचारले धर्तिलाई सिंगार्ने हो ॥
डिजिटल प्रविधि र प्रयोगमा नवीनता ।
नयाँ पुस्ता लागेपछि हुन्छ लैङ्गिक समानता ॥

नारी पुरुष एउटै हुन् भन्ने सोचौँ संधैभरी ।
लैङ्गिक विभेद हट्नुपर्छ नेपालमा कसैगरी ॥
नारी हेपी पुरुषले लाद्नु हुन्न सर्वसत्ता ।
नयाँ पुस्ता लागेपछि हुन्छ लैङ्गिक समानता ॥

मानिसले बुभ्नुपर्छ नारी पुरुष बराबरी ।
धर्ति हाँक्छन् संसार थाम्छन् पूरा गर्छन्
जिम्मेवारी ॥
खोको भाषणले पक्कै आउने छैन महानता ।
नयाँ पुस्ता लागेपछि हुन्छ लैङ्गिक समानता ॥

प्रविधि र नवीनता समाजले सजाउँदै ।
अग्रगति दिओस् अब सचेतना जगाउँदै ॥
नीति बनाऊ नेपाल सरकार कायमगर
सर्वोच्चता ।
नयाँ पुस्ता लागेपछि हुन्छ लैङ्गिक समानता ॥

# Gender Equality

***Shrijana Lamichhane***
***Class Ten***
***Shree Mahakali Madhyamik Bidhyalay,***
***Fikkal, Sindhuli***
***Bagmati Province***

Human gets corrupted by humans only.
earth needs to be decorated with good
deeds and good thoughts.
Digital technology and use is new.
There will be equality when new
generation pursues it.

Let us always remember that women and
men are the same.
gender discrimination should be removed
from Nepal at any cost.
Man should not look down on woman and
impose his absolute rule
There will be equality when new
generation pursues it.

People should understand women and
men are the same.
Earth is led, world is managed,
responsibility will be shouldered.
empty speech, for sure, will not bring
greatness.
There will be equality when new
generation pursues it.

While decorating the society through
technology and innovation.
Let it give speed to pace while increasing
awareness.
Nepal Government, make policy and
prevail supremacy.
There will be equality when new
generation pursues it.

# लैङ्गिक समानता र प्रविधि

**प्रगति शर्मा, कक्षा : १२**
**विद्यालयः श्री जनता माध्यमिक विद्यालय**
**जैमिनी न. पा. ९ पैंयुथन्थाप, बागलुङ,**
**गण्डकी प्रदेश ।**

महिला पुरुष दुवै हुन्, सृष्टिको अमुल्य निधि
लैङ्गिक समानता प्रवर्धन गर्ने, औजार हो
डिजिटल प्रविधि
महिला पुरुष बिचको भेद, केबल कृत्रिम
बनावट
उडाए जहाज गुडाए कार, के नै छ र
जननीमा खोट ।

सजिएका छन् संविधानका पाना, लैङ्गिक
समानताका नाममा
समान अधिकार समान ज्याला, छैन यहां
काममा
घरभित्रै कुण्ठित छन् नारी, पाउनुपर्छ समान
अधिकार
कति चेलि बेचिए बम्बैमा, कति आफ्नै
परिवारको सिकार ।

सकिन्छ प्रविधिबाट स्वतन्त्रता अनि,
समानताको विगुल फुक्न
नवीन विचार भित्र्याउ समाजमा, छाड्देउ
पुरुषसामु झुक्न
चेतनाको प्रकाश छरौं, बनाई माध्यम रेडियो
टेलिभिजन
चम्किदै विश्वभर धरालाई, हराभरा बनाउने
हो यो सिजन ।

महिला पुरुष दुवै सृष्टिका, सुरम्य भई फुलेका
फूल
पितृसत्तात्मक यो समाजमा, फुटाऊँ
प्रविधिबाट चेतनाको मूल
लैङ्गिक समानताका लागि कति, सँघ संस्था र
ऐन आए
नवप्रवर्तनलाई बढावा दिँदै, नारीले पनि गरौँ
व्यवसाय ।

प्रविधितर्फ मोडियोस् समाज, पहुँच विस्तार
बृद्धासँगै बालक
श्रव्य दृष्य सामग्री प्रस्तुत गरौँ, प्रविधि नै
परिवर्तनको चालक
नयाँ विचार सिर्जना र प्रगतिपथको, गरौँ
निष्ठापूर्वक भक्ति
हानिकारक अभ्यास तोड्न, प्रविधि नै
अभूतपूर्व शक्ति ।

धर्ती सबको साझा बगैँचा हो, नमानौं कसैले
हार
जागरुक बनौं महिला शक्ति, गरौं नयाँ
प्रविधिको आविष्कार
नवीनतालाई अँगाल्दै राज्यका, हरेक अङ्गमा
समान सिट
डिजिटल प्रविधिको प्रयोगबाट गरौँ, लैङ्गिक
मुद्दालाई विश्वमा परिचित ।

पुरुष महिला दुबैको छ अधिकार, गर्नलाई
आधुनिकताको महसुस
असमानतालाई हटाउन वृद्धि गरौँ,
कुनाकाप्चासम्म प्रविधिको पहुँच
फेसबुक ट्वीटर इन्स्टाग्राममार्फत, व्यक्त गरौँ
गुम्सिएका भावना
इ-लाइब्रेरी मार्फत बढाऔँ ज्ञान, गर्नलाई
विपद्को सामना ।

मोवाइल बैंङ्किङ, इ-लर्निङ, प्लेटफर्म गरौँ,
सबैको लागि सुनिश्चित
लैङ्गिक समानता कायम गरेमा मात्र, मुलुकमा
हुन्छ सबको हित
समानताका लागि उठौँ जुटौँ, लिएर काँधमा
काँध अनि हातमा हात
लैङ्गिक विभेद अन्त्य गरौँ, गरेर नवीनतालाई
आत्मसात ।

# Gender Equality and Technology

**Name: Pragati Sharma, Class: 12**
**School: Shree Janata Secondary School**
**Jaimini municipality – 9, Painyuthnthap, Baglung**
**Gandaki Province**

Women-Men both are nature's precious beings
technology is a tool to promote gender equality
discrimination between women-men is only an artificial structure
planes got flown, cars got driven, what flaw is there in a mother.

Pages of constitution have been decorated in the name of gender equality
there is no equal rights, equal wages at work
women are confined in their homes, equal rights must be realized
so many sisters got sold in Bombay, some fell prey to their own family.

It is possible to blow the horn of freedom and equality through technology
let new thoughts enter in the society, stop bowing to the men
let us spread light of awareness turning radio-television into a medium
sparkling bright throughout the world, this season will be made to flourish.

Women-men both are nature's beautiful flowers
let us flow awareness through technology in this patriarchal society
so many organisations and bills have come for gender equality
let women also start enterprise promoting new enforcement

Let society turn to technology increasing access for old along with a child
let us present audio-visuals, technology is the vehicle for change
in complete belief, let us absolutely pray to new thoughts of creation and progress
technology is the power extraordinaire to break harmful practices.

Earth is everyone's common garden, let none of us accept defeat
let women power be aware, let us invent new technology
embracing newness let there be equal seats in every State level
let us use digital technology to let the world know of gender equality

Men-women both have rights to feel the modernity
increase technology's access to remove inequality
let us express our bottled-up emotions through facebook, twitter, Instagram
let us increase our knowledge through e-learning to face disasters.

Let us ensure mobile banking, e-learning platforms for all
establishing gender equality only will benefit everyone in the country
let us get up, gather, join shoulders, and walk hand in hand for equality
let us end gender discrimination by embracing newness

## मेरो परिचय र इन्टरनेट

**प्रशंसा भट्टराई**
**कालिका मानवज्ञान माध्यमिक विद्यालय बुटवल**
**रुपन्देही**
**लुम्बिनी प्रदेश**

मेरो हातमा खाली पान्ना छ
जहाँ मेरो आफ्नो तस्विर खिच्नु छ,
मेरो परिचयको अक्षर कोर्नु छ ,
अनि मलाई दिइएका अधुरा घुर्मैला परिचयलाई
सत्यका बान्कीमा
मेरो अस्तित्वको सगरमाथा ठड्याउनु छ।

म छोरी मान्छे,
जसलाई, आमाको कोखले कहिल्यै विभेद गरेन,
समाजले पुरुषको दाँजो मलाई कहिल्यै दिएन ,
समाज डराउँछ मेरा लागि, पछ्यौरीले छेक्ने
गर्छ ,
जोगाउन आफ्ना नजरबाट, कालो टीका पोत्ने
गर्छ ।

आज मलाई २१ औं शताब्दीको मिरमिरे
प्रभातमा उभिनु छ
समाजको धमिलिएको चस्मा फेरी
नवीनताको नयाँ अध्याय थाल्नु छ।

म आधुनिकतालाई अङ्गालेकी चेली,
प्रविधिसँग साइनो गाँस्न पुगें,
समाजले छुट्याएको मेरो कुना
त्यही कुनोमा विश्व समेट्न पुगें ।

नयाँ युगको उपहार मलाई,
इन्टरनेट... आज विश्व त्यसैले धानिएको छ
त्यो कहिले मेरा लागि आवाज बनिदियो
कहिले ती आवाज सुनिदियो
मलाई आफू भएर बाँच्ने सपना देखाएको
आज मेरो परिचय सोझाउने मूल आधार बन्न
पुग्यो ।

म न्यूयोर्कको मिटिङ न्यूरोडबाट लिन्छु
उताका विकास योजनामा आबद्ध हुन्छु
नारी सशक्तिकरणको अभियानका लागि
विश्व परिवेशमा जुरमुराउँदै
डिजिटल साक्षरताको बीजारोपण गर्दछु
परिवर्तनको बहाव बनी
आज डिजिटल प्रविधिले सहस्रशीर्ष
सहस्रचक्षु, सहस्रभुजा ममा समाहित हुँदा
मेरो यो विराट व्यक्तित्वले
अहं ब्रह्मास्मि बनाएको छ।

यहाँ को महिला को पुरुष सब समान
तर को अधि को पछिको दौड चल्दो रहेछ
म अनेक तस्बिर चिन्दै थिएँ
म अनेक तस्बिरमा आफूलाई चिनाउँदै थिएँ ,
आज मलाई अनेक ठाउँमा कैद गरिएको छ ,
रूप अनेक फेरर ,केही मेटाएर, अनि केही भरेर
।

आधुनिकता झल्कदा म मा ,
समाज, त्यो कालो सिसामा चिप्लिएका
मेरा औंला स्वीकार्दैन अझै ,
घरीघरी त्यही भित्र, ती काला प्रोफाइलमा
लुकेका अजिङ्गरहरुले पनि मलाई झस्काउने
गर्छन्,
कहिले निर्मला त कहिले सुस्मिता बनाउन
खोज्छन्
सायद त्यसैले,
आज दुनियाले आफूलाई खुल्ला फिँजाएको
ठाउँमा
म आफ्ना कुन्ठित वेदना फिँजाउन कतै डराउँछु
नाम एक रूप अनेक फेरेर व्यापार हुँदा ,
म आफू निर्दोष भएको प्रमाण देखाउन फेरि ..
डराउँछु ।

समानताको कुरा चर्काचर्कीमा हुँदा
मेरो लैङ्गिकता हरेक कुरामा बाधा बनेको छ
काख एउटै ममता एउटै हेर्ने नजर फरक पर्ने

गयो,
कर्तव्य एउटै जिम्मेवारी एउटै भोग्ने व्यवहार
फरक पर्न गयो,
तिम्रा आदर्श काइदाहरूमा बाँधिएर चल्दा पनि
एउटै बाटो कसैलाई चिल्लो कसैलाई खस्रो
कसरी पर्न गयो...

अझै
महिला पुरुष बिच
असमानताको पगरी पैरिएर
रथको एक पाङ्ग्रा कमजोर बनाएर
समाज कसरी गुड्न सक्छ ...?

आज अन्तरसञ्जाल
विभेदका पर्खाल भत्काउने अमोघअस्त्र बन्दा
अन्धकार का पत्रपत्र पन्छाउँदै ,
चेतना आलोक बनेर मसँग आइपुगेको छ

अब कर्णालीको म ले आफूलाई चिनाउन पाऊँ
राजधानीको म ले आफूलाई सुरक्षित पाऊँ
कालो कोट र सेतो साडी बिच दूरी नरहोस्
केवल लैङ्गिकता मेरो परिचय नबनोस् ।

आज मेरो क्षमता मेरो परिचय बनेर उग्रदा
त्यही क्षमता, स्पस्टाउन
प्रविधि मेरो दर्पण बनेको छ,
जहाँ, मैले आफूलाई चिनाउन पाएँ,
चिन्न पाएँ,
मेरो कमजोरी, तागत, क्षमता
मेरो वरिपरी छरप्रष्ट हुँदा
मैले आफूलाई आफैले केलाउन पाएँ,
आज म सक्षम छु,
समाजको दाँजोमा आफूलाई ठड्याउन
मेरो हातको यो जन्तर भित्रबाट बोलिरहे छन्
क्लारा जेटकिन, योगमाया र सिमोन द बौबार
युगौं युगदेखि शिर झुकाएर बसेकी म
अब शिर उठाएर सहअस्तित्वको नयाँ यात्रा
थाल्नेछु
आज म आफ्नो परिचयमा कतै डर जोड्न
चाहन्नँ
तिम्रा ती आलोचनाका वाणीले मेरो सिद्धान्त
डग्मग्याउन्न अब,
म डट्न जानेकी, लड्न जानेकी, मलाई चुनौती
मन पर्छ
म जीवनमा हार्न तयार छु
जीवनसँग हार्न होइन ।

म आफ्ना बाँझिएका पङ्ख खुल्ला फिँजाउन
चाँहन्छु,
आज उड्न चाहने हर पन्छीका लागि इन्टरनेट
खुल्ला
आकाश बनेको बेला,
समाज तिम्रा बादलरूपी विभेदहरुले
यी उडान रोक्ने छैनन्
उचाइ नापेर आइसकेँ अब झुक्ने छैन ।

अब, वास्तवमा एउटा अक्षर क्रान्ति गर्नुछ,
यही, एउटा पानामा मानव सभ्यताको लाली
गुराँस फुलाउनु छ,
दुनिया सामु मेरो लैङ्गिकता
विपरीत परिचय टक्र्याउनु छ ।
मलाई मेरो परिचय आफै कोर्नु छ
ती खाली पान्नामा।....

# My Identity and Internet

***Prashamsha Bhattarai***
***Kalikaa MaanavGyan Secondary School,***
***Butwal, Rupandehi, Lumbini Province***

My hand has an empty page
where I have to draw my own picture
I have to scribble a letter of my identity
thenafter, incomplete, unclear identity given to me
needs to be upheld in the shape of truth
as Everest of my existence

To me, a woman,
who was non-discriminated by a mother's womb ever,
Society, in comparison to a man, never gave anything to me
Society is scared for me, stops me with a shawl
To save me from it's own eye, mops a black tika[4] on me

Today, I need to stand by the dawn of 21st century
Changing foggy spectacles of the society
I need to begin a new chapter of novelty.

I, the sister who embraced modernity
have woven a relation with technology
Society had separated my corner
I gathered the world in that corner alone.

Internet to me is a gift of new era
the world today is shouldered by it
at times, it became my voice
at times, it listened to me
it showed me the dream to live being me
and today it became the main basis to assert my identity.

I attend the meeting in New York from New Road
I associate with development plans of that side
for women empowerment campaign
I synergise with world context
to sow seeds of digital literacy
today digital technology itself leading
as waves of changes
integrates in me in all of its shapes and sizes
and has made my huge personality
into 'Aham Brahmashmi'[5]

who is women here and who is man?
Everyone is equal
but the race of being ahead and falling behind exists
I was identifying various faces
I was identifying myself in those various faces,
Today, I have been imprisoned in various places
changing my outlook, some got erased, and some got filled.

When modernity reflects in me,
Society, does not accept me still
My fingers slipping in those black glasses
time and again, those anacondas
hiding behind those black profiles startle me,
Sometimes, they attempt to make me Nirmala
and sometimes Sushmita
that is why,
In this space where the world has spread itself so freely
I am scared to spread my bottled up grief
when business gets done changing name into different shapes
I am scared to show proof of my innocence.

While equality gets discussed in feverish pitch
My gender has become my obstacle in everything
womb is the same so is love, but perspective became different

duty is same, responsibility is same, but
treatment one experiences became different,
even while walking bound to your idealistic ways
how did a path for one got smooth and for another it is coarse…

---

[4] A beauty product that is placed in between the two eyebrows on the forehead.
[5] Aham Brahmashmi = Power of my body and awareness embodies all physical factors and energy in this universe, therefore, I am a part of this Brahma

Still,
How can a society glide
by weakening one wheel of the chariot
by wearing turban of inequality
between women and men?

at present, while inter-network
has become the weapon to demolish wall of discrimination
awareness, sweeping aside the layers of darkness,
turned into the light and has reached me

let Karnali's I get to introduce itself
let the capital's M itself get to feel secure
let there be no distance between a black coat and a white sari
let my gender only not become my identity.

When my ability appears as my identity today
technology has become my mirror to
clarify the same ability
where, I am able to introduce myself,
to know myself,
When my weakness, strength, ability
got scattered around me
I got to analyse myself,
Today I am able,
to stand myself compared to the society
Clara Jetkin, Yogmaya and Simone De Beauvoir
are speaking through my hand's talisman
I, who lived bowing her head for decades and decades
will now raise my head and begin a new journey of co-existence
Today, I do not want to add fear in my identity,
Your critical sayings will not shake my principle now,
I like challenges since I know how to pursue, how to fight
I am ready to lose in life
not lose to life.

I want to spread my clipped wings freely,
today when internet has become a free sky
for all the birds who want to freely fly,

Society, your cloud shaped discrimination
cannot stop these flights
I have measured the height and come, no-way
I will bow to you

Now, I need to take up one revolution of letter,
I need to flower a rhododendron of human civilization in this page only,
I need to present my identity
as opposed to my gender.
I need to carve my identity on my own
in those pages….

# लैङ्गिक नारीको महिमा

**प्रेरणा चौलागाँइ**
**कक्षा ८**
**श्री विजया मावि, दुल्लू, दैलेख, कर्णाली प्रदेश**

१. नारी हुन् जननी समस्त जगको आराध्य देवी सरी ।
हिंस्रित जीवन भोग्न बाध्य बिचरी उद्धार गरौँ के गरी ॥
नारीकै सुखमा त कानुनबन्यो भैदिन्न साकार कब ।
भण्डाफोर गरी कलंकी जनको जाग्नेछ बेला अब ॥

२. नारीले कहिले गरुन् त महसुस् सम्मान पायौँ भनी ।
अत्याचार चिरी ससक्त दिनमा चम्केर आयौ भनी ॥
चुल्हो चौका सधैँ कुरेर कसरी बाँचीरहेकी होलिन् ।
देश् ले फेर्न गयो मुहार हाँसिलो आमाले वाक्य खोलिन् ॥

३. साचै सोच थियो पूरातन यहाँ नारी पछाडी परिन् ।
आयो यो अवसर नेपाल भरमा विकास देशको गरिन् ॥
पशुतुल्य थिइन् जियर बिचरा स्वामित्व केही नहुने ।
सुगा झैँ पिजडा भएर कतिदिन आँसु खसाली रुने ॥

४. साइवर्को पनि हुन्छ हिँसा कतिको हिँसा घरेलु पनि ।
जागौँ जागी रहुँ भनेर अवता लाग्नु पर्यो लौ भनी ॥
विज्ञानले पनि आज नारी बदली पुगे ठूलै सानमा ।
पालना गरिदिउँ नियमहरुको बाचिन्छ सम्मानमा ॥

५. दाउरा घाँस गरेर कति दिन् चल्ने भयो यो जुनी ।
मैला लक्षितको नल्याइ योजना चलाउने बैगुनी ॥
शिक्षाको जति खाँचो हुन्छ नरमा आउने छ पालो अब ।
नारीको अपमान हुन्छ अवता लागिरहनु सब ॥

६. पैला जस्तो अब हुँदैन देशमा राज्य चलाउने भइन् ।
इन्टरनेट पनि आयर सुविधा नारी अगाडी गइन् ।
पाउने छौँ अधिकार मौलिक सबै दिनेछ कानुनले ।
बन्नेछ यो मुलुक् यो स्वर्ग सरी नै चलन नमिचि चले ।

७. लैङ्गिकता पनि आयो आज जगमा समानता पाउने ।
अधिकार्को यहाँ प्राप्ति हुन गो चारै तिर धाउने ॥
समान्ता समता दुबै यस घडी प्रविधिमा जोडिने ।
नारीको अब पालो आयो देशमा सत्मार्गमा मोडिने ॥

# Glory of Women Gender

Prerena Chaulagain
Class eight
Shree Vijaya Madhyamik Bidhyalaya Dullu Dailekh, Karnali Province

1. Woman is the mother of this world as a goddess revered greatly
   It’s a pity that she is compelled to live a violent life, don’t know how I can rescue her
   Law got written in favour of women but when will it take the shape
   Defamed world has to reveal it all and the time will rise now.

2. When should the woman feel that they have been respected
   injustice was broken through one empowered day burning bright
   how has she been living waiting by the cooking hearth every time
   the country has gone to change and ever smiling mother opened with a sentence.

3. Mindset was conservative only so women fell behind
   this opportunity came along in Nepal and she developed the country all across
   she was like an animal, so pitiable, did not own anything
   was like a caged parrot shedding tears for days.

4. Violence is there in cyber and there is domestic violence too
   lets stand up and continue standing against thinking now is the time for this
   Science also has changed women and they have reached the position of pride
   follow the rules and you will live in honour.

5. For how long can this life be lived collecting and cutting fodder and firewood
   ungrateful one brings plans without targeting the garbage
   as much as education is needed for man now
   woman’s turn will also come or else there is humiliation so everyone pursue this.

6. It will not be like in the past, now she can rule the country
   Internet and other facilities have come and women has stepped forward
   we will receive our rights, fundamental of which will be given by law
   this country will become as heavenly if practices are not stepped over.

7. Gender has also come to this world to receive equality
   rights has been received here, one needs to pursue everywhere
   equality equity both get connected with technology at this juncture
   now is the turn of a woman to walk on the righteous path in a country.

# आजकी नारी

निकिता अवस्थी
दुर्गालक्ष्मी नमूना मावि, कैलाली, सुदूरपश्चिम प्रदेश

,
जगकी मुल हुन् नारी
मायाकी सरिता उनै
जननी जन्मदात्री हुन्,
सृजना मूल हुन् तिनै ।

भवमा फूल झैँ नारी
जून झैँ छ किरण पनि
ती सर्वश्रेष्ठ देवी हुन्
चिनिन्छन् महिला भनी

सृष्टिकी जग हुन् नारी
दुख छ तिनकै बढि
नारी विभेद गर्नेमा
पुरुषको छ मनपरी

नारीको पथ यात्रामा
काँडा र आँसुले भरी
के भयो दुनियाँ पापी
महिलाकै छ तस्करी

नारी नै सुविधाबाट
बञ्चित हुन्छन् यहाँ किन
समानता सधैँ गर्ने
सद्भाव राख है जन ।

हिंसाका रुप छन् धेरै
न्यूनीकरण गर्नुछ
भए विभेदका नीति
सबै निर्मूल पार्नुछ ।

विज्ञान युगमा पस्दा
आधुनिक खुले विधि
विकासको मियो जस्तै
खडा देखिन्छ प्रविधि ।
इन्टरनेट र मोबाइल
फ्याक्स र पत्रिका पनि
खडा छन् ति जगतभरमा
प्रविधिका स्वरुप बनी ।

लैङ्गिक समता गर्न
भेदभाव सबै हरी
चेतना छर्छ है नौलो
नारी सशक्त नै गरी ।

सिपमूलक तालिमले
दिन्छ है यो नयाँपन
प्रविधि छर्छ नारीमा
चेतना नभनी कम ।

खुलाइकन यो द्वार
मौका हजार नै दिई
छन् नयाँ प्रविधि धेरै
समता भावना लिई ।

सरकारी निजी सारा
क्षेत्रमा सहभागिता
बृद्धि इन्टरनेट गर्ने
जोगाइकन अस्मिता ।

साइबर सुरक्षा गर्न
इन्टरनेट छ तत्पर
बनायो महिलालाई
त्यसले आत्मनिर्भर ।

देश विकासको सार
नर नारी बराबर
प्रविधि भन्छ नारी है
अघिअघि तिमी सर ।

हिजोसम्म चुल्होमा ती
थिए सिमित है सब
प्रविधिको सँगै हेर
समानता भयो अब ।

साँसद महिला मन्त्री
नेता र डाक्टरै पनि
प्रविधिले बनायो है
सीपमूलक भई यीनी ।

प्रविधि हो यही एक
महिलाको बचाउने
यही हो बिपत्ति पर्दा
रक्षक बनी आउने ।

नसम्झ पुष्प गुच्छा ती
महिला हुन् पत्थर
लैङ्गिक समानता गर्न
प्रविधिकै छ है भर ।

नारी भेद हटाउन
हातेमालो गरी उठौँ
प्रविधिको विकास गर्दै
अब हामी सबै जुटौँ ।

# Woman of Today

Nitika Awasthi
Durga Laxmi Namuna Ma Vi, Kailali
Sudurpashchim Province

Woman is a world source
She only is the river of love
She is the mother, giver of life
She is the source of all creation

Woman is a flower in emotions
Her light is like a moonlight
She is the goddess of excellence
That's how woman is known

Woman is the basis of creation
Yet, she has most of the misery
Woman is discriminated for which
Man plays a role of all sorts

A woman's path is full of
thorn and tears
Why has the world turned a sinner
It is the woman who gets trafficked here

Why women only get deprived
of the facilities?
Everyone practice equality always
keep the harmony

Violence has many forms
We need to minimize it
We need to get rid of
All discriminatory policy there is

Age of science has entered
Modern ways have opened
Technology is standing tall
just like a development tool

Internet and mobile
Fax and newspapers too
Exist throughout the world
Turning into mediums of technology

To prevail gender equality
It takes away all discrimination
And spreads new awareness
Through empowerment of woman
Skill imparting training
Gives this newness
Technology spreads awareness in women
Disregarding who has more or less

This door that has opened
Has given opportunities in thousands
There are many technologies
that has encompassed huge sentiments of
equality

Government or private
Internet increases the participation
in all these sectors
and protects dignity at the same time

Internet is ready
for cyber security
it has made women independent

gist of development be in a country or foreign
lands
is men and women are equal
technology is saying
oh woman you should walk ahead

till yesterday all of them
were limited to cooking stove
with technology, however,
it is equality now

Parliamentarian, Women Ministers,
Leaders and doctors even
Technology made them
Stating these too are skills

Technology is the only one
That saves womenkind
It is this that comes as a savior
In times of trouble

Do not think that they are bouquet of flowers
These women are hard stones
It is technology only that
gender equality depends on

let us stand up joining our hands
to get rid of discrimination against women
let all of us get together by developing
technology.

# समानताको कुरा

*राम कुमार क्षेत्री (केवल), कक्षा १२; ढुकुरपानी माध्यसमक ववद्यालय बेलिाँगी, दमक, झापा, प्रदेश १*

तपाई समानताको कुरा गर्नुहुन्छ । जहाँ १००% को आधा ३३% लाई भनिन्छ।
के फरक देख्यौ र म मा ? तिम्रो जस्तो आशु झर्छ चित्त दुखेपछि।

म हराएको थिएँ। तर खोज्न चहेनौ, कती कुरमा बञ्चित भएँ
तर तर दिलाउन सकेनौ न्यायको लागि लडिरहे, तर न्याय पाउन सकिन ।
मैले खोजेको अधिकार हैन समानता त थियो तर दिन सकेनौ।

हो म एक नारी हुँ। जबकी तिमीले मेरो क्षमतालाई होईन शारीरिक बनावटलाई हेर्छौ भने।
होला तिम्रो सिद्धन्तमा बोल्दैन चुलो बाबा विनाको।
तर मेरो लागी त पाक्दैन खाना आमा विनाको।

तिमीले त बिर्स्यौ कि क्या हो। ति हातले समातेर संसार देखाएको, आज त्यही हातलाई सिकायो होइन १००को बराबर ३३ भनेर।

तिमीले सुन्छौ भने म भन्न चाहन्छु आज जसको कारणले तिमी छौ हो उनिलाई नै नारी भनिन्छ। हो उनी जसले तिमीलाई असल र खराब छुटाउन सिकाए।

नारी अझै शरणार्थी भई कती दु:ख भोग्नु पऱ्यो होला सोध्नु पर्दैन सम्झिँदा हुन्छ १९९२को कथालाई।
पहिचान स्वाभिमानको कुरा नगर मसँग म जन्मदा नै शरणार्थी भएँ। के कुरा गर्छौ मानविय अधिकारको?
देशको आफुलाई दिँउ कि? शरणार्थीको सर्वनामलाई।
कता गयो अधिकार? कता गयो समानता?

# Equality

Ram Kumar Chhetri (Kewal); Grade 12;
Dhukurpani Secondary School Beldangi, Damak; Jhapa, Province 1

You talk about equality. Where half of 100% is called 33%.
What difference did you see in me? Tears like yours fall after heartache.

I was lost! But you didn't want to search, I was deprived of many things
But we couldn't get it, we kept fighting for justice, but we couldn't get justice.
What I was looking for was not rights, but equality, but you could not give it.

Yes, I am a woman. Whereas you look at my physical appearance and not my ability.
Maybe your theory doesn't work without a father.
But for me, food is not cooked without a mother.

You might have forgotten. She showed the world guiding with those hands, today the same person is taught 100 equals to 33.

If you listen, I want to say that the reason why you are today is called a woman.
Yes, she is who taught you to distinguish between good and evil.

You don't have to ask how much suffering women had to face as a refugee, remember the story of 1992 is enough.
Don't talk about identity and self-respect, I was a refugee at birth. What are you talking about human rights? Should I give the country to myself or the pronoun of the refugee. Where’s right? Where’s equality?

# Digital हुरी

नमुना गिरी

२०६७ साल्मा पहिलो पटक अनलाईन आउने अनुमति मागेको मलाई अझै याद छ
त्यो Facebook मा account खोल्ने उत्साहा, सबैलाई आफ्नो बनाउने उत्साहा
आफु भित्रै हराउने म, बाहिरी दुनियाँमा हराउने उत्साहा
आफ्नो सानो दुनियाँको चार कुनामा सिमित नबनाई
आफ्नो सपनाको सिमा बडाउने उत्साहा

तर आमा बुवाले सिधै इन्कार गर्नुभयो
उहाहरुको इन्कारमा रिस नभएर केही कुराको त्रास थियो
जुन न म भुज्न नै सक्ने बेलामा थिए न उहाहरुको बुझाउन सक्नु भयो

अहिले बुझ्दा, उहहरुमा
यो अचानक हुरी जसरी आएको नौलो, अचम्मको digital दुनियाँमा
मलाई सुरक्षा दिन सक्नु हुन्नकी भनी डर थियो
मलाई यो हुरिले कुनै अन्धकारमा उडाएर लाने हो कि भन्ने शंका थियो
तर उहाहरुको इन्कारले त्यो हुरी फर्केर गएन
झन् झन् बढ्न थाल्यो र आत्म समर्पण नगरि अगाडि बढन् गाह्रो पर्‍यो
तसर्थ उहाहरुले आफैले account खोलिदिनु भयो
र भन्नु भयो "अली सचेत रहनु है"

त्यही सुझाव संगै यो Digital हुरिमा मिसिन गए
सचेत रहे, राम्रो, सभ्य, तारिफ योग्य लेखहरु मात्र पोस्ट गर्न खोजे
माया पाउने बाटो कुन हुन्छ त भन्दै तेस्तै बाटो रोजे
तर जती सचेत भएपनी सधैं काम नै भयो
महिला हुनु र सचेत हुनु सँगै राम्रो सुनिए पनि सँगै अली काम नगर्ने रहेछ

तैपनी जे गर्नै पर्नी थियो म गरिनै रहे
सपनाको सिमालाई बढाउन लागि परे
चाहन्थे मेरो लेखलाई र त्यो लेख्लाई डोर्याउने सिखलाई चिनुन , कदर गरुन, माया गरुन
त्यस्तैले कथालाई बाटो बनाएर तेस्मा हिंड्न खोजे, शब्दहरु बाटै यो नौलो संसारमा भिड्न खोजे
साथसाथै नराम्रोमा के हुन सक्ला त भनेर सधैं सचेत हुन खोजे

तर सोचे जती त नराम्रो कहिलै भएन
भयो त केवल सोच्दै नसोचेको
ऐनाले बुझाउन नसकेको मेरो अनुहार, मेरो जिउडाल, comments मा अपरिजितहरुले व्याख्या गर्न थाले
कसैले राम्रो भने कसैले भयानक
कसले कपाल कसरी मिलाउने सिकाउ भने त कसैले कपाल कोरेर भिडियो बनाउ
माया त पाए तर बिहेको मजाकका प्रस्तावहरु द्वारा
सपनाको सिमा भन्दा पनि सहन्सिल्ताको सिमा पो बढ्न थाले झै भयो
महिला हुनु र सचेत हुनु

साचैनै एउटा एकादेशको कथामै सिमित रहयो
बस सुन्दा राम्रो सुनिने तर काम नलाग्ने

एस्तो comments हरुले दुखी त बनायो तर हुरी भित्र मिसिसकेकी मलाई, बहिर भने निकाल्न सकेन
मेरो कथा र त्यो कथाले बनाएको बाटोलाई रोक्न सकेन
म अघी बढ्दै गएम लड्दै गए, comments सँग हैन, comments ले ल्याएको आफ्नो कम्जोरी सँग

यसै गरी मैले केही समयमै आफ्नो digital सिमाना बनाए
यो अनौठो ठाउँमा, आफ्नो शब्दहरु बाट एउटा घर सजाए
बिस्तारी सचेत रहननै छोडिदिए
र बल्ल सपनाको सिमा अली बढाएझैं लाग्न थाल्यो,
बल्ल अनुहारमा भन्दा बढी प्रकाश मेरो लेख्हरुमा पुग्न थाल्यो
किनकी मेरो अनुहारले भन्दा मलाई मेरो कथाको बोलिले चिन्न थाले
म आफु आफ्नै ढंगले अघी बढे तर लाग्यो यो digital दुनियाँको नजर बदिलन थाल्यो
म सचेत रहनै परेन
मलाई यो दुनियाँको अवसरहरु, माया, र ईज्जतले नै सुरक्षा दिन थाल्यो

तर अझै पनि सबै बद्लिएको छैन, सबै बदलिएका छैनन्
अझै पनि तेस्तै comments हरु आईरहन्चन, चित्त दु:खउने प्रयास भयिरहन्चन
तर मेरो सपनाको शक्ती comments बाट धैरै नै माथि बढिसक्यो र यो शायद उहरुलाई पनि थाहा छ
जस्ले नराम्रो भन्नु हुन्छ

म अझै यही हुरिमा छु, डराएर हैन, आफ्नो घर जमाएर
र आफ्नो शक्ती थाहा भएको महिलालाई रोक्ने क्षमता शायद नै कसैमा छ
आफ्नो सपनाको सिमा बढाउने अटुट प्रयास गर्नेलाई शायद नै कसैले रोक्न सक्छ